महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण प्रतिवेदन

२०७७

बराहपोखरी गाउँपालिका

बाघखोर भञ्याङ्ग, खोटाङ्ग

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. १ र २

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/७७

च.नं : ५६३

मिति: २०७७/३/२८

श्री अध्यक्षज्यू,
बराहपोखरी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
बाघखोर भङ्याङ्ग, खोटाङ्ग ।

विषय: लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीयतहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ।

स्थानीयतहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवाप्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीयतहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीयतहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रर्वद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीयतहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन् । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीयतहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीयतहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेशिक लेखापरीक्षण निर्देशनालय
प्रदेश नं.१ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/७७
च.नं.: ४५२

मिति: २०७७।३।२४

श्री अध्यक्षज्यू,
बराहपोखरी गाउँपालिका,
बाघखोर भञ्ज्याङ्ग, खोटाङ्ग ।

विषय: लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले **बराहपोखरी गाउँपालिका**को आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.१ करोड १० लाख ९३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२७ लाख ५४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३४ लाख ९२ हजार, नियमित गर्नुपर्ने रु.१० लाख ६६ हजार र पेश्की बाँकी रु.३७ लाख ८१ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त भएतापनि बेरुजु फछ्र्यौट हुनसक्ने प्रमाण कागजात पेश नभएकोले कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २२ (बाईस) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

....
(बिन्दु विष्ट)
नायब महालेखापरीक्षक

वराहपोखरी गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाउँपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ। प्रदेश नं. १ मा अवस्थित यो गाउँपालिका अर्न्तगत ६ वडा र ३३ सभा सदस्य रहेका छन् । यो गाउँपालिकाको क्षेत्रफल १४१.६० व.कि.मि.र जनसंख्या १४३४९ रहेको छ ।

स्थानीय सञ्चितकोष : आर्थिक वर्ष २०७५।७६ को स्थानीय सञ्चित कोषको आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

एकिकृत आर्थिक विवरण २०७५।७६

सि.नं.	आयतर्फ			सि.नं.	व्याय		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		२५०७०४२६.०३	१	**चालु खर्च**		१७६२९१२२२.४९
	क) नगद	०.००			क) सशर्त अनुदान चालु	९१९२८२७५.६०	
	ख) बैंक	२५०७०४२६.०३			ख) कोषवाट निकासा फिर्ता	२७८८२२४०.००	
२	**राजस्व (आन्तरिक आय)**		४४४८६५.००		ग) सांसद विकास कोष	१५२७६८४.८९	
	क) आन्तरिक राजस्व	४४४८६५.००			घ) वित्तीय समानिकरण चालु	५४९५३०२२.००	
	ख) राजस्व बाँडफाँड	०.००		२	**पूँजीगत खर्च**		९४२४४३४८.००
	ग) अन्य आय	०.००			क) वित्तीय समानिकरण	९४२४४३४८.००	
३	**वित्तीय हस्तान्तरण**		२२९४११७७९.१०	३	**सशर्त अनुदान कोलेनिका फिर्ता**		२०१८३७२४.४०
	क)वित्तीय समानीकरण अनुदान	६३५०००००.००		४	**निकासा फिर्ता कोलेनिका**		३६६७७६०.००
	ख) सशर्त अनुदान	१२४६६१०००.००		५	**बहुक्षेत्रिय पोषण SDC तर्फको फिर्ता**		५९७५५०.००
	ग) समपूरक अनुदान	०.००		६	**प्रदेशको सशर्त अनुदान फिर्ता**		२७३५६३.००
	घ) विशेष अनुदान	०.००		७	**प्रदेश निर्वाचन क्षेत्रको फिर्ता**		६३४४३.००
	ङ) राजस्व बाँडफाँड	४१२५०७७९.१०		८	**प्रधानमन्त्री रोजगारको फिर्ता**		२५०३९३.००
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		२२०५७८२७.१७	९	**वित्तीय व्यवस्था भुक्तानी**		
	क)वित्तीय समानीकरण अनुदान	३३१००००.००			क) ऋण भुक्तानी		
	ख) सशर्त अनुदान	१६९६००००.००			ख) ब्याज भुक्तानी		
	ग) समपूरक अनुदान	०.००			ग) अन्य भुक्तानी		
	ङ) राजस्व बाँडफाँड	०.००		१०	**लगानी**		
	घ) सवारी साधन कर	१७८७८२७.१७			ऋण लगानी		

५	**अन्तर स्थानीय तहबाट प्राप्त**				शेयर लगानी		
६	**वित्तीय व्यवस्था प्राप्ति**				अन्य लगानी		
	क) ऋण प्राप्ति			**११**	**धरौटी फिर्ता**		५४०००
	ख) साँवा प्राप्ति			**१२**	**कोष खर्च**		
	ग) ब्याज प्राप्ति			**१३**	**वैदेशिक श्रोत हेल्भटास**		२३७१०००
	घ) अन्य प्राप्ति			**१४**	**मौज्दात**		११२८१८९३.४१
७	**विभिन्न कोषतर्फको आय**				क) नगद मौज्दात	०.००	
८	**जनसहभागिता (नगद)**				ख) बैंक मौज्दात	११२८१८९३.४१	
९	**विषयगत निकायबाट प्राप्त रकम**			**१५**	**धराटी बाँकी**		९१४५६२.००
१०	**धरौटी आय**		९६८५६२.००				
११	**लगानीको साँवा फिर्ता**						
१२	**अन्य विविध आय**						
१३	**सामाजिक सुरक्षा भत्ता**		२३०२६०००.००				
१४	**बहुक्षेत्रिय पोषण कार्यक्रम**		१०४४०००				
१५	**प्रधानमन्त्री रोजगार कार्यक्रम**		२८१४०००				
१६	**सांसद विकास कोष**		१९८००००.००				
१७	**प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम**		३०५०००				
१८	**झोलुङ्गे पुल**		७००००				
१९	**बैदेशिक श्रोत हेल्भटास**		२३७१०००.००				
	जम्मा		३१०१९३४५९.३०		**जम्मा**		३१०१९३४५९.३०

लेखापरीक्षणको अन्तिम प्रतिवेदन

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१.</td><td>

आन्तरिक नियन्त्रण प्रणाली : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन । कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको पालना सम्वन्धमा परिक्षण गर्दा निम्न व्यवस्थाहरुको पालना गरेको देखिएन । आन्तरिक नियन्त्रण व्यवस्थाहरुको पालना नगर्दा कार्यालयबाट संचालन गर्ने क्रियाकलापहरु मितव्ययी, प्रभावकारी, पारदर्शी नहुने र कार्यालयबाट प्रवाह गरिने सेवामा समेत असर पर्ने भएकाले प्रचलित ऐन नियमले तोकेको प्रकृया अवलम्बन गरि आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।

- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) बमोजिम खर्च भएको सबै रसिद बील भरपाईहरुमा सिलसिलेबार नम्बर राखी भुक्तानी भएको जनाउने छाप लगाई प्रमाणीत गर्ने नगरेको,
- भ्रमण खर्च नियमावली २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता नराखेको,
- भ्रमणवाट फर्केपछि भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको,
- राजस्व आम्दानीमा नगदी रसिद प्रयोग गरेकोमा आम्दानी खर्च र बाँकी देखिने गरी रसिद नियन्त्रण खाता, दैनिक आम्दानी तथा दाखिला खाता नराखेको,
- बार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्यांकन गरेको लिखित प्रतिवेदन लिने व्यवस्था नगरेको,
- जटिल प्रकृतीका निर्माण कार्य उपभोक्ता समितिबाट गराएको,
- गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसाय, सवारी, मनोरन्जन जस्ता व्यवसायहरुको अभिलेख राख्ने र करहरु उठाउने नगरेको ।
- सार्वजनिक खरिद ऐन, नियमावलीको खरिद पद्धतिका सिमाहरु छल्ने उद्देश्यले उपभोक्ता समितिमार्फत मालसामान खरिद गर्ने गरेको ।
- योजनाको संख्या अत्यधिकरुपमा संचालन गर्ने गरेकोले अनुगमन प्रभावकारी हुन नसकेको।
- पालिकाको प्राविधिकवाट तयार भएको लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदनमा कार्यालय प्रमुखवाट स्वीकृत हुने नगरेको ।
- खरिद योजना बनाउने नगरेको ।
- कोषहरुको कार्यविधि, कानून नबनाएको ।
- प्राप्ती तथा भुक्तानीको खर्च सार्वजनिकिकरण नगरेको ।
- कार्यालयवाट प्राप्त नगद तोकिएको समयमै बैंक दाखिला गर्नुपर्नेमा नगरेको र आम्दानीका म.ले.प.फा.नं.हरु आम्दानी गर्दा प्रयोगमा नल्याएको ।
- सम्पन्न आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्ने नगरेको ।
- परामर्श सेवा लिने काममा सम्झौता अंकको ३३ प्रतिशत रकम पेश्की दिने गरेकोले यसमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमको पालना गर्नुपर्ने,
- समयमै पश्की फछ्र्यौट गर्ने नगरेको ।
- गाउँपालिका तथा वडाहरुकोलागि आवश्यक विभिन्न स्टेशनरी लगायत कार्यालय सामानहरु प्रतिस्पर्धा गराई सिलवन्दी प्रकृयाबाट खरिद गर्नु पर्नेमा नगरी पटक पटक सिधै खरिद गर्ने गरेको,

</td><td></td></tr>
</table>

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
	• कार्यालयले मोटरसाइकल, ल्यापटप, डेक्सटप लगायतका जिन्सी सामानहरु सहायक खाता मार्फत सम्बन्धित कर्मचारीलाई बुझाई जिम्मा जमानी गराई अभिलेख राख्नु पर्नेमा सो गर्ने नगरेकोले यसमा सुधार गरिनु पर्दछ , • भ्रमण आदेशमा स्पष्ट रुपमा काम किटान गर्नु पर्नेमा कार्यालय सम्बन्धी काम उल्लेख गर्ने गरेकोले यसमा काम किटान गरी सुधार गरिनु पर्दछ , • लाभान्वित कृषक छनौट गरी अनुदान वितरण गर्नुपर्नेमा छनौट गर्ने नगरेको, • ईन्धन खर्चको लगबुक राख्ने नगरेको, • गोश्वारा भौचर साथ खर्चको तेरिज तयार गरी राख्नुपर्नेमा नगरेको, • सवारी साधन मर्मत गर्दा लागत अनुमान बनाई मर्मत आदेश समेत लिनुपर्नेमा नलिएको, • उपाध्यक्ष बेगरको अनुगमन समितिको सिफारिसको आधारमा योजना फरफारक हुने गरेको, • चालु प्रकृतिका कारोबार समेत पुजिगत शिर्षकवाट गर्ने गरेको, • अनुदान र आर्थिक सहायताको मापदण्ड नबनाएको, • पारित बजेट भन्दा घटबढहुने गरी खर्च गरी पछि अनुमोदन गर्ने गरेको, • संघ, प्रदेश र स्थानीय तहमा दोहोरोपना देखिएको, • गाउँपालिका अन्तर्गतका वडाहरुले खरिद गरेका जिन्सी सामानहरु गा.पा.को जिन्सी खातामा आम्दानी गर्नुपर्नेमा वडाको जिन्सी खातामा आम्दानी गर्ने गरेको, • भ्रमण आदेशमा स्पष्ट रुपमा काम किटान गर्नु पर्नेमा कार्यालय सम्बन्धी काम उल्लेख गर्ने गरेकोले यसमा काम किटान गरी सुधार गरिनु पर्दछ , • कतिपय भ्रमण आदेशमा भ्रमण गर्ने स्थान खुलाउने नगरेको, • शुभकामना विज्ञापन खर्चलाई नियन्त्रण गर्नुपर्ने, • सवारी साधन मर्मत गर्दा लागत अनुमान बनाई मर्मत आदेश समेत लिनुपर्नेमा नलिएको, • मोटरसाईकल मर्मत खर्चमा नियन्त्रण विधि अपनाउनुपर्ने, • बहुक्षेत्रीय पोषण कार्यक्रममा गर्भवती तथा सुत्केरी महिलालाई पोषण सामाग्रीहरु बुझाएको विवरण राख्ने नगरेको । • गाउँपालिका क्षेत्र भित्र फिल्डमा खटिने ईन्जिनियर, ओभरसियर जस्ता कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता खर्चको सट्टा फिल्डमा खटिएको अवधिको फिल्ड भत्ता दिने व्यवस्था गर्नुपर्ने, • कर्मचारी संगठन तथा व्यवस्थापन संरचना स्वीकृत नगरी करारमा कर्मचारी भर्ना गर्ने गरेको, • परामर्श सेवा प्राप्त गर्दा दिएको पेश्की रकममा बैंक जमानत लिने नगरेकोले जोखिमको स्थिति सिर्जना हुन सक्ने, • परामर्श सेवा लिंदा सम्झौतामा तोकिएभन्दा बढी रकम पेश्की दिने गरेकोले यसमा नियन्त्रण गरी सम्झौताको व्यवस्था पालना हुनुपर्ने, • कार्यालयले पेश्की फछ्र्यौट बाँकीको विवरण पेश नभएकोले पेश्की एकिन गर्न सकिएन ।	
२.	**लक्ष्य र प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा अनुसूची-२ बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको निर्णय पुस्तिकामा समय समयमा प्रगति समिक्षा सम्वन्धी कार्यसूची राखेको भए तापनि सशर्त, निःशर्त तथा आन्तरिक श्रोतबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको प्रगति प्रतिवेदनलाई स्वीकृत ढाँचामा र तुलनायोग्य हुने गरी अभिलेखिकरण नगरेकोले गाउँपालिकाले गरेको खर्चको विश्लेषण गर्न सकिएन । प्रगति प्रतिवेदन तयार गरी समीक्षा गर्दा योजना तथा कार्यक्रम कार्यान्वयनमा थप प्रभावकारिता आउने	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
	भएकोले गाउँपालिकाले यसतर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ।	
३.	**खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ। प्रमुख प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ। वडा कार्यालयहरुमा जनशक्ति तथा भौतिक पूर्वाधारहरुको व्यवस्था भै नसकेको कारण वडा सचिवहरुलाई अख्तियारी प्रदान गर्न सकेको देखिएन। अन्तरनिकाय समन्वय गरी कानूनी व्यवस्थाको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।	
४.	**आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२)मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था रहेकोमा यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण गराएको छैन।	
५.	**स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको पाइएन। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ। तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ।	
६.	**कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ। त्यसैगरी ऐनमा स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम समेत जम्मा गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले आवश्यक रकमको व्यवस्था गरी अवकास कोषलाई मजबुद गरेको देखिएन। गाउँपालिकाको दीर्घकालिन आर्थिक दायित्व न्यूनिकरण गर्न योगदानमा आधारित अवकास सुविधा सम्वन्धी नियम तर्जुमा गरी अवकास कोष मजबुत गर्न आवश्यक देखिन्छ।	
७.	**विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा स्थानीय सञ्चित कोषको सञ्चालन, व्यवस्थापन तथा प्रतिवेदन प्रणालीमा एकरुपता कायम गर्न एकिकृत आर्थिक संकेतको वर्गिकरण र व्याख्या, २०७४ अनुरुप विकास गरी महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराएको 'प्रदेश तथा स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SUTRA) प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले यो वर्ष उक्त सफ्टवेयरको प्रयोग गरेको पाइएन। श्रम तथा समय बचत गर्न र प्रतिवेदनमा एकरुपता तथा शुद्धताको लागि नेपाल सरकारले स्वीकृत गरी उपलब्ध गराएको सफ्टवेयर प्रयोग गर्नु पर्दछ।	
८.	कार्यालयले बैंक हिसाब विवरण तयार गरेको देखिएन। जस अनुसार ४ वटा बैंक खाताको आषाढ मसान्तको मौज्दात रु.६३४४३०९१।७० देखिएको मध्ये रु.२५३३६४३३।४० संचितकोष फिर्ता गरी रु.३८१०६६५८।३० मौज्दात भएकोमा आम्दानी खर्च किताब अनुसार रु.१२१९६४५५।४१ मात्र बाँकी देखाएकोले श्रेस्तामा भन्दा बैंकमा रु.२५९१०२०२।८९ बढीको बैंक हिसाब मिलान विवरण पेश हुनुपर्दछ।	
	वित्तीय समानिकरण पुंजिगततर्फः	
९.	**उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिवाट काम गराउँदा सम्पन्न निर्माण कार्यको संचालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर एक्साभेटर मेसिनहरु प्रयोग गर्न नहुने व्यवस्था छ। गाउँपालिकाले लोडर एक्साभेटर मेसिनहरु समावेश भएका आयोजना उपभोक्ता समितिवाट संचालन गरी उपभोक्ताको	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम

जनश्रमदान अंश समेत सोही उपकरणवाट गराई खर्च भुक्तानी गर्ने गरेको देखियो । यसवाट उपभोक्ता समिति मार्फत कार्य गराई आयोजनामा जनताको स्वामित्व अभिवृद्धि गरी रोजगारी सृजना हुने अवस्था नदेखिएकोले यस्ता कार्य प्रतिस्पिर्धा मार्फत गराउँदा मितव्ययी हुने देखिन्छ । जसको केही उदाहरण देहायमा उल्लेख छ ।

सि.नं	योजनाको नाम	बजेट	कार्यसम्पन्न रकम	कैफियत
१	सिन्ताङ-वाघखोर-कोछाले-चमेरेघाट सडक निर्माण	२९६००००	३१४२५४१	एक्साभेटर लगाई रु.२४८६६२१।- को कार्य गराएको
२	गोकुल थुम्का नयाँ ट्याक	७०००००	७८००३८	एक्साभेटर लगाई रु.७००६००।- को कार्य गराएको
३	राङभाङ्गे चाप्लुखा ग्रामीण सडक	१००००००	११०३२१४	एक्साभेटर लगाई रु.९६५०२०।- को कार्य गराएको
४	देउराली मालवासे सडक	९०००००	९७१८२३	एक्साभेटर लगाई रु.८६४४५०।- को कार्य गराएको
५	दोभाने स्याडसिला ग्रामीण सडक	७०००००	७५१८२७	एक्साभेटर लगाई रु.६७५१७५।- को कार्य गराएको

१०. **कानून निर्माण र कार्यान्वयन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार निर्देशिका, नियम, कार्यविधि र मापदण्ड बनाई कार्यन्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार गाउँपालिकाले स्वीकृत गरेका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित भएका छैनन् त्यसैले स्वीकृत कानून तोकिए बमोजिम राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

११. **डोजर र एक्साभेटर भाडा दरमा विविधता :** एउटा जिल्ला भित्र प्रयोग हुने डोजर एक्साभेटरको भाडा जिल्ला दररेटमा उल्लेख भएकोमा सोही अनुसार र नभएमा स्थानीय तहले जिल्ला भर समान दररेट कायम गरी सो अनुसार कार्य हुनुपर्दछ । उपभोक्ताले डोजर एक्साभेटरसंग सम्भौता नगरी प्रति घण्टा फरक फरक दरमा रु.२२९५।-, रु.३३५०।-, रु.४७००।- र ५९०३।- दर उल्लेख गरी भाडामा लिई कार्य गराएको देखियो । गाउँपालिकाले डोजर एक्साभेटर भाडामा एकरुपता ल्याउन आवश्यक निर्णय गरी उपभोक्ताले मनोमानी भाडा सम्भौता गरी काम गरेको देखाई विल पेश गर्ने परीपाटीमा नियन्त्रण हुनुपर्दछ।

१२. **बढि मु.अ.कर भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न उपभोक्ता समितिको कार्यमा निम्न निर्माण व्यवसायिलाई बढी भुक्तानी भएको मु.अ.कर रकम असुल हुनुपर्ने रु... — बेरुजु रकम: ९३०८८/-

भौ.नं. र मिति	आयोजनाको नाम	निर्माण व्यवसायी	विजक विल	मु.अ.कर दिनुपर्ने	दिएको	बढी मु.अ.कर भुक्तानी
४१-२०७५/१०/२१	चेकेथुम किम्बु खोला सडक	रामेछाप आरविएस कन्स्ट्रक्सन प्रा.लि	२१२०६२५	२७५६८१	३१६८७५	४११९४
,,	,,	ट्याम्के निर्माण सेवा	६७८६००	८८२१८	१०१४००	१३१८२
१०३-२०७५/११/२६	फाक्टाङ्ग वेतुवा कम्पुघाट	,,	६६६०२६	८६५८३	९९५२१	१२९३८
२७९-२०७६/३/२७	रोहम स्याडसिला ग्रामीण सडक	अम्बिका निर्माण सेवा	६७४२५०	८७६५२	१००७५०	१३०९८
२८१-२०७६/३/२९	मालवासे टर्निङ्ग भिर कटिङ्ग	,,	४५६७५०	६०५४८	६८२५०	७७०२
३०३-२०७६/३/३१	वालम्वुङ कोल्टङ्ग दोभाने सडक	,,	१९५७५०	२५४४७	२९२५०	३८०३
	जम्मा					९३०८८

१३. **भुक्तानीमा कट्टी :** भौ.नं.४१।२०७५।१०।२१ र ८३।२०७५।१२।४ आयकर ऐन, २०५८ को दफा ८९(३क) अनुसार कार्यालयले उपभोक्ता समिति मर्फत संचालन गरेको रु.५० लाख भन्दा बढीको योजनामा भुक्तानी रकमको १.५ प्रतिशतले अग्रिम कर कट्टी गर्नु पर्दछ । कार्यालयले चेकेथुम किम्बुखोला सडक निर्माण उपभोक्ता समितिलाई रु.७६८००००।- भुक्तानी दिएको रकममा १.५ प्रतिशतले लाग्ने अग्रिम कर — बेरुजु रकम: ३०१२३/-

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
	रु.११५२००।- कट्टी गरी भुक्तानी दिनुपर्नेमा रु.८५०७७।- मात्र कट्टी गरी भुक्तानी दिएकोले नपुग कर रु.३०१२३।- असुल गरी राजस्वमा दाखिला गर्नु पर्ने रु.-	
१४.	**आनुपातिक कट्टी :** सर्वाजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिले गर्नुपर्ने योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग विल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायवाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न उपभोक्ताहरुसंग भएको कार्यमा लागत अनुमान अनुसार गर्नुपर्ने योगदान भन्दा घटी योगदान गरेको अवस्थामा पनि कार्यालयले दिने अनुदानमा आनुपातिक कट्टी नगरी बढी खर्च लेखेकोले यसरी बढी खर्च लेखेको रकम असुल हुनुपर्ने रु...	१०१४३१/-

भौ.नं.र मिति	कार्यक्रम/योजना	बजेट (४ प्रतिशत कन्टेन्जेन्सी समेत)	श्रमदान समेत लागत अनुमान	कार्यसम्पन्न	भुक्तानी खर्च रकम	बढी खर्च
२७०-२०७६/३/२७	राङभाङगे खर्क ताम्बोबा सिङताङ सडक	४००००००	४३४६८१९	४१६०६७६	३७०२५८७	२७०२६
४३-२०७५/१०/२१ २८३-२०७६/३/२९	२ नं.वडा कार्यालय भवन निर्माण	४००००००	४३०८८७५	३९०४५४९	३४९०९२७	११२५७
७४-२०७५/११/३० २२२-२०७६/३/१८	विद्युत विस्तार कार्यक्रम	७५०००००	७८५५०४९	७८४२०७४	७२०००००	११८९२
९३-२०७५/१२/२४ २१३-२०७६/३/१६	देउराली खण्डपुर ग्रामिण सडक	१५०००००	१६२७४७५	१५६१८१६	१३९७०१३	१५१०८
१९८-२०७६/३/३	मौवावोटे खेल मैदान ग्वाविन	१००००००	१११०४५९	११०६०६२	९६००००	३८०१
२२३-२०७६/३/१९	जनजागृति प्रावि सुन्तले	१२५०००	१३३४९१	१२६२६७	१२००००	६४९४
२३२-२०७६/३/२०	बराहखोला मुहानदेखि बाङगेखेत	५०००००	५५०८४१	५४३७९८	४८००००	६१३७
२५२-२०७६/३/२७	बंसिलघाट च्याखुवा सडक	४००००००	४३९७१३३	३९७८८३९	३४८४००२	९२९६
२५३-२०७६/३/२७	ज्यूमन्दीर भवन निर्माण	१५००००	१६००३७	१५५९३२	१४४०००	३६९३
२६१-२०७६/३/२७	साउने चौर डुम्रे लिन्टार सडक	४०००००	४३१०५२	४२५५९१	३८४०००	४८६४
२८४-२०७६/३/२९	गोपिनी मुहान भवन देखि पालिका भवनसम्म खानेपानी	५०००००	५५८८६३	५२०५१८	४४८९२९	१८६३
जम्मा						**१०१४३१**

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
१५.	**कर कट्टी :** आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ मा कारोबारको भुक्तानी गर्नुपूर्व कर असुल गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका कार्यालयले निम्नानुसारको भुक्तानीमा उपर्युक्त व्यवस्था भए बमोजिमको कर कट्टा गरेको देखिएन । अत: देहायका सम्बन्धित फर्म तथा व्यक्तिवाट कर बापत लाग्ने रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु...	९५७५०/-

भौ.नं. र मिति	कारोबारको विवरण	भुक्तानी रकम	१५ प्रतिशत	१० प्रतिशत	१.५ प्रतिशत	जम्मा
११३-२०७६/१/२७	३ महिने ढाका बुनाई कपडा तालिम प्रशिक्षक नानीमैया गेलाललाई पारिश्रमिक	४८०००	७२००	-	-	७२००
२०१-२०७६/३/६	३ महिने कपडा सिलाइ तालिम प्रशिक्षक उर्मिला राईलाई पारिश्रमिक (१प्रतिशतमा कट्टा)	४५०००	६३००	-	-	६३००
२३९-२०७६/३/१९	३ महिने ढाका बुनाई तालिम प्रशिक्षक रमा रानामगरलाई पारिश्रमिक(१ प्रतिशतमात्र कट्टा)	५४०००	७२९०	-	-	७२९०
२०९-२०७६/३/१५	दोभाने स्याङसिला ग्रामीण सडक अम्बिका निर्माण सेवालाई डोजर भाडा भुक्तानी (रु(२९६३ मात्र कट्टा)	५९७५००	-	-	५९९९	५९९९
२४९-२०७६/३/२६	इ लाइब्रेरी जडान बापत नेपाल लाइब्रेरी फाउण्डेसन नेपाललाई सेवा शुल्क (कर विजक वेगर)	१६००००	२४०००	-	-	२४०००
२२८-२०७६/३/१९	ना.प्रा.स.कमला वि के को पेश्की फछ्र्यौट(थ्रेसर मेसिन १ रु.२८५००० र ढुवानी १००००)	३०००००	-	१०००	४२७५	५२७५

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम

३०३-२०७६/३/३१	बलंबुङ्ग कोल्टङ्ग दोभाने सडक अम्बिका निर्माण सेवालाई डोजर भाडा भुक्तानी	१९५७५०	-	-	२९३६	२९३६
३००-२०७६/३/३१	ज्यु मावि सुन्तलेका प्रशिक्षक गोविन्द खत्रिलाई पारिश्रमिक भुक्तानी	२०००००	३००००	-	-	३००००
२९०-२०७६/३/३१	ना.प्रा.स.लेलुना राईको पेश्की फछ्र्योट गर्दा भाडा भुक्तानी रु.३०००० र समान खरिदको भुक्तानी रु.२५००००	३०००००	-	३०००	३७५०	६७५०
	जम्मा					९५७५०

१६. **मुल्य अभिबृद्धि कर दाखिला :** महालेखा नियन्त्रक कार्यालयको च.नं.४३७ मिति २०७६।३।१० को परिपत्रानुसार विल भुक्तानी गर्ने कार्यालयले विल भुक्तानी गर्दा मूल्य अभिबृद्धि कर रकमको पचास प्रतिशतले हुन आउने रकम कट्टी गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउनुपर्नेमा निम्न निर्माण व्यवसायिको भुक्तानीमा सो मु.अ.कर कट्टी भएको नदेखिएकोले मुल्य अभिबृद्धि कर समायोजनको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... ५९४८३२/-

निर्माण व्यवसायिको नाम	मु.अ.कर भुक्तानी	५० प्रतिशतले हुने मु.अ.कर रकम
शान्ति निकेतन प्रा.लि.	२२५४८६	११२७४३
रामसागर विल्डर्स महांकाल	९६४१७८	४८२०८९
जम्मा	**११८९६६४**	**५९४८३२**

१७. **मूल्य अभिवृद्धिकरको जानकारीः** मुल्य अभिबृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ मा सरकारी निकायले भुक्तानी दिएको मु.अ.करको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । कार्यालयले बर्षभरिमा विभिन्न फर्महरुलाई भुक्तानीको क्रममा दिएको मू.अ.करको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाएको नदेखिएकोले आन्तरिक राजस्व कार्यालयमा उक्त जानकारी पठाएको प्रमाण पेश गर्नु पर्दछ । जसका केही उदाहरणहरु निम्न अनुसार छन् ।

भै.नं. र मिति	योजनाको नाम / कामको विवरण	फर्मको नाम	विल मूल्य	भुक्तानी भएको मु.अ.कर
७४-२०७५/११/३०	विद्युत विस्तार कार्यक्रम	सिंह वाहिनी इन्जिनियरिङ्ग वर्क एण्ड इनर्जि प्रालि	३९२२९६४	५०९९८५
२४४-२०७६/३/२४	गोकुलथुम्का नयां ट्रयाक	रामेछाप आरविएस कन्स्ट्रक्सन	६२००००	८०६०००
१०७-२०७५/१२/२६	च्याङखुवा बोइटार चमेरेपुल अधुरो सडक	मोहन एण्ड बेसी गाउँ निर्माण सेवा	११३२३०४	१४७१९९
१९२-२०७६/२/२९	रांभाङ्गे चाप्लुखा ग्रामीण सडक	अम्बिका निर्माण सेवा	८५४०००	१११०२०
२९१-२०७६/३/२९	अफ्रिगरे रुम्दु बराहपोखरी	गौतम एण्ड सन्स निर्माण सेवा	३३६६००	४३७५८

१८. **वस्तु खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा १ करोड रुपैया सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख भएकोमा कार्यालयले विद्युत विस्तार कार्यको लागि रु.६०६३०५४।- को विद्युत सामाग्री उपभोक्ता समिति मार्फत सोझै खरिद गराएको पाइयो । जटिल प्राविधिक ज्ञान आवश्यक पर्ने वस्तु खरिदको कार्य प्रतिस्पर्धा वेगर सोझै खरिद गरेको र स्पेशिफिकेसन स्पष्ट तोकेर सो बमोजिम आपूर्तकले आपूर्ति गरेको प्राविधिक प्रतिवेदन संलग्न नगरेकोले संघीय खरिद कानून प्रतिकुल हुने गरी वस्तु खरिदका कार्यहरु उपभोक्ता समितिवाट गराएको नियमसम्मत देखिएन ।

१९. **फोटोकपी विजकवाट मु.अ.कर भक्तानी :** शान्ति निकेतन प्रा.लि.लाई मूल्य अभिबृद्धि कर विजकको फोटोकपी पेश भएको अवस्थामा रु.२२५४८६।- मूल्य अभिबृद्धि कर भुक्तानी दिएको पाइएकोले सक्कल कर विजक वा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा सो बराबरको मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु... २२५४८६/-

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
२०.	**विस्तृत परियोजना प्रतिवेदन :** भौ.नं.२९२।२०७६।३।२९ गाउँपालिकाले बराहपोखरीको विगतमा बनेको गुरुयोजनालाई परिमार्जन गरी पोखरीको नक्सा डिजाइन र लागत अनुमान सहितको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न शान्ति निकेतन प्रा.लि.सुनसरीसंग कवोल अंक रु.१९६००००।- (मु.अ.कर समेत) मा मिति २०७६।३।१० मा सम्पन्न गर्ने गरी मिति२०७६।१।२६ मा सम्झौत भएकोमा समयमा कामसम्पन्न हुन नसकि मिति २०७६।३।१० मा सम्झौताको म्याद थप माग गरे बमोजिम २०७६।३।२५ सम्म म्याद थप भएकोमा लेखापरीक्षण अवधि (२०७६।८।१०) सम्म पनि कार्यसम्पन्न भएको देखिएन ।	
२०.१.	कार्यालयले उक्त प्रा.लि.संग बैक जमानी नलिई मिति २०७६।१।३१ मा रु.११७६०००।- पेश्की दिएकोमा उक्त पेश्की फछ्र्यौट नगरी सम्झौतामा उल्लेख भए बमोजिम रु.७५७९८३।- पुन शान्ति निकेतन प्रा.लि.को खातामा जम्मा गरी मिति २०७६।४।९ मा बैंकलाई रोक्का राखिदिने पत्र लेखेको देखियो ।	
२०.२.	कार्यालयको च.नं.१२० मिति २०७६।६।५ मा पुन रु.७५७९८३।- मध्ये रु.५०००००।- फुकुवा गरी रु.२५७९८३।- अर्को आदेश नभएसम्म रोक्का राखिदिने पत्र लेखेको कारण कार्यसम्पन्न भएको देखिएन ।	
२०.३.	सम्झौताको बुदा नं.१७ मा परिमार्जित गुरु योजनाको भाषा नेपाली र विस्तृत परियोजनाको प्राविधिक प्रतिवेदन अंग्रेजीमा छुट्टा छुट्टै हुनुपर्ने उल्लेख भएकोमा लेखापरीक्षण अवधि २०७६।८।१० सम्म प्रतिवेदनको अन्तिम रुप भई नआएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले १३५ दिनको रु.१३२३००।-पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्ने रु...	१३२३००/-
२१.	**भवन निर्माण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य खुलावोलपत्रको माध्यमवाट गर्नुपर्ने उल्लेख छ । जस अनुसार यस गाउँपालिकाले भवन निर्माण गर्न रु.७५०००००।- बजेट भएकोमा रु.८४४९८३२।- को लागत अनुमान तयार गरी दर्ता हुन आएका ३ वटा शिलवन्दी वोलपत्र मध्ये २ वटाले दरमात्र राखेको जम्मा अंक नराखेको कारण अस्वीकृत गरी १ मात्र स्वीकृत भएको रामसागर विल्डर्सको कवोल अंक रु.८३८५०८३।- मा ११ प्रतिशत घटिमा गर्ने गरी रु.७४६२७२३।- को कवोल अंक स्वीकृत गरी मिति २०७५।१२।५ मा कार्यसम्पन्न गर्ने गरी मिति २०७५।१०।१६ मा सम्झौता भएको देखियो । सो सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार रहेका छन् :	
२१.१.	नियमावलीको नियम १४९ बमोजिम खरिद कार्यको सुरु देखि अन्त्यसम्म सम्पूर्ण क्रियाकलापको कागज प्रमाण देखिने गरी शिलसिलेवार रुपमा खरिद अभिलेख फाइल व्यवस्थापन हुनुपर्नेमा कार्यालयवाट निर्माण व्यवसायी तथा परामर्शदातासंग भएका खरिदसम्झौतासंग सम्बन्धित फाइलहरुको अभिलेख व्यवस्थित गरी राखेको पाइएन ।	
२१.२.	विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ को दफा ३५ बमोजिम ६० लाख भन्दा बढीको मालसामान खरिद गर्दा अनिवार्यरुपमा विद्युतिय खरिद प्रणालीको प्रयोगवाट मात्र खरिद गर्नुपर्नेमा सो बमोजिमको प्रकृया पुरा नगरी खरिद कार्य गरेको देखियो । यस अतिरिक्त विनियोजित बजेट रु.७५०००००।- मात्र भएकोमा सो भन्दा बढी अर्थात् रु.८४४९८३२।- को लागत अनुमान तयार गर्न मिल्ने देखिँदैन । यस विषयमा सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाउनु पर्दछ ।	
२१.३.	निर्माण व्यवसायीले मिति २०७५।१२।५ मा म्याद समाप्त भई दिएको निवेदन अनुसार थप भएको म्याद मिति २०७६।२।१० सम्म रहेकोमा सो समयसम्म पनि कार्यसम्पन्न गर्न नसकी मिति २०७६।३।२९ मा मात्र अन्तिम मूल्यांकन विल स्वीकृत भएको देखियो । सम्झौता अवधि भन्दा ढिला निर्माण सम्पन्न भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम सम्झौता रु.७४६२७२३।- को प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले १८ दिनको रु.६७१६४।- पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्ने रु...	६७१६४/-
२१.४.	निर्माण व्यवसायीको विजक विल रु.६४५२५७६।०२ मा मु.अ.कर थप रु.८३८८३४।८८ समेत रु.७२९१४१०।९० मात्र भुक्तानी खर्च लेख्नु पर्नेमा मु.अ.कर थप रु.९६४१७८।०२ समेत रु.७४१६७५४।०४	१२५३४३/-

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
	भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु.१२५३४३।- असुल हुनुपर्ने रु...	
२१.५.	स्रेस्ता साथ ठेक्कासंग सम्बन्धित निम्न अभिलेख नरहेको कारण ठेक्का प्रकृया पारदर्शि छ भन्न सकिएन । ➢ कार्यस्वीकार प्रतिवेदन बेगर अन्तिम विल भुक्तानी दिएको, ➢ कार्यालयको प्राविधिकवाट नाप, जाँच नभएको, ➢ सुचना प्रकाशित पत्रिका स्रेस्तासाथ संलग्न नरहेको, ➢ बैंक ग्यारेण्टी वेगर पेश्की दिएको ।	
२२.	**पेश्की बाँकी :** आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको पेश्की आर्थिक कार्याविधि नियमावली, २०६४ बमोजिम असुल फछ्र्यौट हुनुपर्ने रु...	१८०८००/-
	प्रदेश शसर्त अनुदानतर्फ	
२३.	**विद्युत सामाग्री खरिद तथा ढुवानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य खुलावोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले मिति २०७५।११।२० मा विद्युतिय सामाग्री खरिद एवं ढुवानी गर्न सिलवन्दी वोलपत्र आव्हान गरेकोमा पर्न आएका ३ मध्ये १ मा अंक नभरेको, १ को बैंक ग्यारेण्टी नभएको कारण जनाई अस्वीकृत भएको र स्वीकृत वोलपत्र सिंहवाहिनी इन्जिनियरिङ्ग वर्कस एण्ड इनर्जि प्रालि सुनसरीसंग मिति २०७६।३।१० मा कार्यसम्पन्न गर्ने गरी मिति २०७६।१।२६ मा रु.१२७०२८४०।- को सम्झौता भएको देखियो । सो सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन् :	
२३.१.	नियमावलीको नियम १४९ बमोजिम खरिद कार्यको सुरु देखि अन्त्यसम्म सम्पूर्ण क्रियाकलाप देखिने गरी शिलसिलेवार रुपमा खरिद अभिलेख फाइल व्यवस्थित गरी राख्नुपर्नेमा कार्यालयवाट निर्माण व्यवसायीसंग भएका खरिदसम्झौतासंग सम्बन्धित फाइलहरुको अभिलेख व्यवस्थित गरी राखेको पाइएन ।	
२३.२.	विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ को दफा ३५ बमोजिम ६० लाख भन्दा बढीको मालसामान खरिद गर्दा अनिवार्यरुपमा विद्युतिय खरिद प्रणालीको प्रयोगवाट मात्र खरिद गर्नुपर्नेमा सो बमोजिमको प्रकृया पुरा नगरी खरिद कार्य गरेको देखियो ।	
२३.३.	सम्झौता बमोजिम उक्त प्रा.लि.ले विभिन्न मितिको विलवाट रु.११७४५२३४।- को विद्युत सामाग्री खरिद गरेकोमा सो सामानको ढुवानी रु.६७१८६१।- भुक्तानी गरेको पाइयो । आयकर ऐन, २०५८ बमोजिम उक्त ढुवानी रु.६७१८६१।- को १० प्रतिशतले हुने बहाल कर रु.६७१८६।- असुल हुनुपर्ने रु...	६७१८६/-
२३.४.	स्रेस्ता साथ ठेक्कासंग सम्बन्धित देहायका अभिलेख व्यवस्थित नरहेको कारण ठेक्का प्रकृया पारदर्शि छ भन्न सकिएन । ➢ सामानको जाँच गन्ती भएको प्रतिवेदन संलग्न नरहेको, ➢ बैंक ग्यारेण्टी वेगर पेश्की दिएको, ➢ सामान स्पेशिफिकेशन अनुसार भए नभएको परीक्षण गरेको अभिलेख नरहेको, ➢ कार्यसम्पादन जमानत नराखेको, ➢ कन्टेन्जेन्सी समेत समावेश गरी लागत अनुमान तयार गरेको,	
२४.	**फिर्ता नगरेको :** आर्थिक वर्षको अन्तिममा खर्च नभई बाँकी रहेको रकम रु.२५७०५७।- प्रदेश संचित कोष फिर्ता गर्नुपर्नेमा नगरेकोले फिर्ता गर्नुपर्ने रु...	२५७०५७/-
	चालु खर्चतर्फ :	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम

२५. **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं.१ ले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार बराहपोखरी गाँउपालिकाले देहाय बमोजिम रु.३६०३७१०।- सुविधावापत भुक्तानी भएको छ ।

सि.नं	विवरण	प्रमुख/अध्यक्ष	उपप्रमुख	वडा अध्यक्ष ६ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य १९ जना	जम्मा
१	मासिक सुविधा	०	०	०	०	०	०
२	सञ्चार सुविधा (मासिक दरमा)	३००००	३००००	१४४०००	७२०००	२२८०००	५०४०००
३	बैठक भत्ता (बैठक संख्याको आधारमा)	६६४७०	६३२४०	१४४०००	४३२०००	४५६०००	११६१७१०
४	खाजा भत्ता (मासिक)	४८०००	३६०००	७२०००	०	०	१५६०००
५	पुस्तक पत्रपत्रिका (मासिक)	३६०००	३००००	१०८०००	१०८०००	११४०००	३९६०००
६	अनुगमन भत्ता (मासिक)	७२०००	४८०००	१०८०००	०	२२८०००	४५६०००
७	खानेपानी, बिजुली महसुल (मासिक)	१८०००	१२०००	७२०००	०	०	१०२०००
८	सरसफाई, मर्मत (मासिक)	२४०००	२४०००	०	०	०	४८०००
९	अतिथि सत्कार (मासिक)	२४०००	२४०००	७२०००	०	०	१२००००
१०	यातायात खर्च (मासिक)	८४०००	६००००	१४४०००	१४४०००	२२८०००	६६००००
	जम्मा	४०२४७०	३२७२४०	८६४०००	७५६०००	१२५४०००	३६०३७१०

२६. **विविध खर्च :** यस वर्ष गाउँपालिकाले गाउँपालिका कार्यालयको मात्र चिया, नास्ता, खाजा, खाना आदिमा रु.३,६१,०५५/- खर्च गरेको छ । उक्त खर्च भित्र अन्तर्गतका ६ वडा कार्यालय, नगरसभा तथा कार्यपालिका बैठकमा भएको चिया, नास्ता, खाजा तथा खाना खर्च समावेश छैन् । यस प्रकारका खर्चमा नियन्त्रण गरी मितव्ययीता अपनाउन गाउँपालिकाले ध्यान पुऱ्याउनु पर्दछ ।

२७. **बढी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार कार्यालयले स्वीकृत बजेट खर्च गर्दा बिल भरपाई अनुसार हुन आउने रकम मात्र खर्च लेख्नुपर्दछ । देहायको विवरण अनुसार गोश्वारा भौचरमा खर्च लेख्दा संलग्न बीलभरपाई अनुसार हुन आउने रकम भन्दा बढी खर्च लेखेको देखियो । यसरी संलग्न बील भरपाई भन्दा बढी हुनेगरी खर्च लेखेको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु... २८१२७६/-

भौ.नं. र मिति	खर्चको विवरण	खर्च लेख्नुपर्ने रकम	खर्च लेखेको रकम	बढी खर्च रकम	कैफियत
१५-२०७५/७/१९	गा.पा.को जग्गा पास खर्च (वडा अध्यक्ष भुवल राज राई)	२५२० (इन्घन)	७०००	४४८०	बढी खर्च लेखेको
१५१-२०७६/२/१५ १९०-२०७६/३/२६	गा.पा.का ६ वटै वडाहरुमा ईन्टरनेट जडान कार्य (जे.के. कम्प्युटर एण्ड ईन्टरनेट सर्विसेज प्रा.लि.)	१५२३२४०	१७९५४३९	२७२१९९	मू.अ.कर सहितको बील नभइ खर्चको स्टेटमेण्टमात्र भएको
२०७-२०७६/३/२९	कृ.वि.स.का पदाधिकारी क्षमता अभिवृद्धि तालिम भत्ता	४२३००	४५७००	३४००	भरपाई बेगर भत्ता खर्च
	कृषि योजना तर्जुमा कार्यक्रम भत्ता	३४१५३	३४८५०	६९७	
	कृ.वि.स.को बैठक भत्ता	१२९००	१३४००	५००	
			जम्मा	**२८१२७६**	

२८. **सूचना प्रकाशनः** पत्रपत्रिकामा कार्यालयको विविध किसिमको सूचना प्रकाशन बापतको रकम भुक्तानी गर्दा सूचना प्रकाशनको बील अंकमा कम्तिमा २५ प्रतिशत छुट गरि बिलिङ्ग गर्ने प्रणाली गोरखापत्र लगायत सबै मिडियाहरुले गर्ने गरेका छन् । यस कार्यालयले देहायको मिडिया मार्फत सूचना प्रकाशन गर्दा बील अंकमा छुट गरेको नदेखिँदा कार्यालयलाई रु.१८७,८५०/- थप व्ययभार पर्न गएको छ ।

गो.भौ/मिति	मिडियाको नाम	बील अंक (मू.अ.कर बाहेक)	छुट गर्नुपर्ने रकम	कैफियत
२७-२०७५/७/१९	क्रिएशन एण्ड एडभर्टाईजिङ्ग प्रा.लि.	१३६८००	३४२००	
५६-२०७५/९/८	हलेसी टाईम्स दैनिक	५००००	१२५००	
५७-२०७५/९/८	हलेसी साप्ताहिक खबर	५००००	१२५००	
१७७-२०७६/३/१६	समायोजन खबर मिडिया ग्रुप प्रा.लि.	५००००	१२५००	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम

१७८-२०७६/३/१६	प्रभाव न्युज नेटवर्क प्रा.लि.	५००००	१२५००	
२०९-२०७६/३/२९	मुलुकी खबर पत्रिका	२१०००	४०५०	रु.१२००/-मात्र छुट भएको ।
२१३-२०७६/३/२९	नमस्ते क्रिएशन एण्ड एडभर्टाईजिङ्ग प्रा.लि.	३९८४००	९९६००	
		जम्मा	१८७८५०	

२९. **अग्रिम कर** : आयकर ऐन २०५८ एवं आर्थिक ऐन २०७५ बमोजिम पारिश्रमिक सेवा सुविधा भुक्तानी गर्दा भुक्तानी रकममा १ प्रतिशत्ले सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्दछ । त्यसैगरी आयकर ऐनको दफा ८७, ८८ र ८९ अनुसारको भुक्तानी रकम (मू.अ.कर बाहेक)को अंकमा तोकिएको दरले अग्रिम कर कट्टी गर्नु पर्दछ । कार्यालयले देहायको भुक्तानीमा अग्रिम कर कट्टी गरेको देखिएन । तसर्थ ऐन अनुसार लाग्ने कर रकम असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु... ३६६२५/-

भौ.नं. र मिति	भुक्तानीको विवरण	भुक्तानी रकम (मू.अ.कर बाहेक)	कर रकम	करको किसिम
४-२०७५/६/२२	विभिन्न पदाधिकारीको सुविधा	१७७०००	१७७०	सा.सु.कर
७९-२०७५/९/२७		१४२५००	१४२५	
९७-२०७५/११/२		१२२०००	१२२०	
१०१, १०२-२०७५/११/२९		२०००००	२०००	
१०६-२०७५/११/३०		९६०००	९६०	
१२१-२०७५/१२/२०		८६०००	८६०	
१४४-२०७६/२/१		१४२५००	१४२५	
२०३-२०७६/३/२९		१४२५००	१४२५	
२२१-२०७६/३/३१		९६०००	९६०	
२२२-२०७६/३/३१		९६०००	९६०	
२२३-२०७६/३/३१		९६०००	९६०	
२३१-२०७६/३/३१		१०४०००	१०४०	
२३०-२०७६/३/३१		१०४०००	१०४०	
२२९-२०७६/३/३१		१०४०००	१०४०	
२२४-२०७६/३/३१		९६०००	९६०	
२२५-२०७६/३/३१		१४००००	१४००	
२२६-२०७६/३/३१		१०००००	१०००	
२२७-२०७६/३/३१		८६०००	८६०	
२२७(क)-२०७६/३/३१		८६०००	८६०	
१२९-२०७५/१२/२५	गुरुयोजना तर्जुमा गोष्टी भत्ता खर्च (ना.सु. पुष्पराज राई	३७०००	५५५०	पारिश्रमिक कर
७१-२०७५/९/२७	पदाधिकारी पोषाक सिलाई खर्च (पशुपति टेलर्स काठमाण्डौ)	५९४०००	८९१०	अग्रीम कर
		जम्मा	३६६२५	

३०. **आर्थिक सहायता :** गाउँपालिकाले यस वर्ष हावाहुरी, बाढीपहिरो, आगलागी आदि बापत विभिन्न व्यक्ति तथा संस्थालाई घटीमा रु.५ हजार देखि बढीमा रु.३५ हजार सम्म गरी जम्मा रु.२,६०,०००/- आर्थिक सहायतामा खर्च गरेको छ । तर आर्थिक सहायता वितरण सम्बन्धि कार्यविधि तयार गरेको देखिएन । गा.पा.ले उपयुक्त कार्यविधि स्वीकृत गरी निश्चित् मापदण्डको आधारमा खर्च गर्न आवश्यक देखिन्छ ।

३१. **पदाधिकारी पोषाक खर्च :** भौ.नं. ७१-२०७५/९/२७ गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ मा गा.पा.का पदाधिकारीहरुलाई पोषाक खर्च दिने व्यवस्था छैन् । यस गा.पा.का ३३ पदाधिकारीहरुलाई पोषाक तयारी (सिलाई समेत) प्रति व्यक्ति रु.१८,०००/- का दरले कार्यपालिकाबाट निर्णय गरी रु.५,९४,०००/- खर्च लेखी पशुपति टेलर्स, काठमाण्डौ लाई भुक्तानी दिइको देखियो । ऐनमा व्यवस्था नभएको सुविधा लिन मिल्ने नदेखिएकोले उक्त पोषाक खर्च बापतको रकम प्रति पदाधिकारी रु.१८,०००/- का दरले असुल गर्नुपर्ने रु... ५९४०००/-

३२. **कानूनी सल्लाहकार :** भौ.नं. १६८-२०७६/३/६ गा.पा.ले कर्मचारी भर्ना गर्दा स्वीकृत दरवन्दीको पदमा मात्र करारमा भर्ना गर्न मिल्दछ । कार्यालयले कानूनी परामर्श, सल्लाह, सुझाव दिन भनी २०७५ चैत्र देखि मासिक पारिश्रमिक रु.२२,१७०/- दिनेगरी अधिवक्ता श्री ओमप्रकाश घिमिरेलाई दरवन्दी स्वीकृत

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
	नभएतापनि करारमा नियुक्ति गरी यस वर्ष पारिश्रमिक बापत रु.८८,६८०/- भुक्तानी दिएको देखियो । यसरी स्वीकृत दरवन्दी बेगर कर्मचारी करारमा भर्ना गर्न मिल्ने देखिएन ।	
३३.	**पदाधिकारी यातायात सुविधा** : गाउँ तथा नगर सभा सदस्यहरुले पाउँने सुविधाको सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन २०७५ को दफा ३ को अनुसूची १(क) मा गा.पा.का अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, का.पा. सदस्य एवं वडा सदस्यहरुले (अध्यक्ष र उपाध्यक्षको हकमा सवारी साधन उपलब्ध नभए) मासिक क्रमशः रु. ७,०००।-, ५,०००।-, २,०००।-, २,०००।- र १,०००।- का दरले यातायात खर्च पाउँने व्यवस्था छ । गा.पा.ले यस वर्ष गा.पा.अध्यक्ष र उपाध्यक्षलाई सवारी साधन (गाडी) उपलब्ध नभएको भनी यातायात खर्च बापत मासिक क्रमशः रु. ७,०००।- र रु.५,०००।- तथा वडा अध्यक्ष, का.पा.सदस्य तथा वडा सदस्यलाई मासिक क्रमशः रु.२,०००।-, रु.२,०००।- र रु.१,०००।-ले यातायात खर्च भुक्तानी दिएको छ । यस अतिरिक्त गा.पा.अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्षहरुलाई कार्यालयबाट १।१ थान मोटरसाईकल उपलब्ध गराई उक्त मोटरसाईकलको ईन्धन तथा मर्मत खर्चको रकम कार्यालयबाट भुक्तानी भएको देखिन्छ । यसबाट सुविधामा दोहोरोपन आउन सक्ने देखिँदा कार्यालयले यसतर्फ ध्यान पुऱ्याउनु पर्दछ ।	
३४.	**सवारी चालकको तलब भत्ता :** गा.पा.मा सवारी साधन(गाडी) भएको अवस्थामा उक्त सवारीसाधन चलाउन सवारी चालकको दरवन्दी स्वीकृत गरी सो अनुसार सवारी चालकको तलब भत्ता रकम खर्च लेख्न मिल्दछ । यस गा.पा.को सवारी साधन (गाडी) देखिएन । तथापि कार्यालयले ३ जना सवारी चालक करारमा राखी निजहरुलाई मासिक रु.१६,०००।-का दरले तलब भत्ता बापत वार्षिक रु.५,७६,०००।- खर्च गरेको देखियो । यसरी कार्यालयको सवारी साधन (गाडी) नभएको अवस्थामा सवारी चालक नियुक्ति गर्न मिल्ने देखिंदैन । यस सम्बन्धमा छलफल गर्दा गा.पा.अध्यक्ष एवं उपाध्यक्ष तथा प्र.प्र.अ.ले प्रयोग गर्ने मोटरसाईकल चलाउन सवारी चालक राखिएको कार्यालयको भनाई रहेको छ । यसरी मोटरसाईकल चलाउन सवारी चालकको नियुक्ति गर्न मिल्ने नदेखिएको रु...	५७६०००/-
३५.	**सरुवा भ्रमण खर्च :** भौ.नं. १०-२०७५/६/२२ भ्रमण खर्च नियमावली, २०६४ मा कर्मचारी सरुवा भई जाँदा फुटकर खर्चबापत एकमुष्ठ रु.२०००/- पाउने व्यवस्था छ । कार्यालयबाट ना.सु. खगेन्द्र ब. कार्की काज सरुवा फिर्ता भई जिल्ला प्रशासन कार्यालय, दिक्तेल जाँदा फुटकर खर्च रु.५०००/- लिएकोले पाउने भन्दा बढी लिएको रु.३०००/- असुल गर्नुपर्ने रु...	३०००/-
३६.	**पदाधिकारी अनुगमन एवं भ्रमण खर्च**: गाउँ तथा नगरसभाका सदस्यले पाउँने सुविधाको सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५ मा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष तथा वडा सदस्यहरुलाई अनुगमन भत्ता बापत मासिक क्रमशः रु. ६,०००।-, ४५००।-, १५००।- र १०००।- का दरले भुक्तानी दिने व्यवस्था छ । सो अनुसार पाउने सुविधा मासिक रुपमा लिसकेपछि पनि गा.पा.उपाध्यक्षलाई देहायनुसार गा.पा. भित्र योजना अनुगमन गरेबापत भनी दै.भ्र.भ. भुक्तानी दिएको देखियो । यसरी अनुगमन एवं दैनिक भ्रमण भत्ता दुवै दिन मिल्ने नदेखिंदा यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।	

भौ.नं. र मिति	पदाधिकारीको दर्जा, नाम थर	भ्रमण अवधि	भ्रमण स्थान	भुक्तानी दै.भ्र.भ. रकम
२०-२०७५/७/१९	उपाध्यक्ष श्री गोमा मगर	२०७५/७/५-११	भिटामिन ए कार्यक्रम तथा वडा कार्यालय अनुगमन	१०९६०
१९५-२०७६/३/२९		२०७६/२/२५-३१	गा.पा.अन्तर्गतको योजनाहरुको अनुगमन	१०२००
		२०७६/३/२-८		१०२००
८७-२०७५/१२/२० (समानिकरण पुंजिगत)		२०७५/१२/१-७		३२८८०
		२०७५/११/२१-२७		
		२०७५/११/९-१५		
			जम्मा	६४२४०

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
३७.	**अमानत :** भौ.नं. १३३-२०७५/१२/२६ सार्वजनिक खरिद नियमावली, २०६४मा व्यवस्था भएअनुसार कार्यालयले संचालन गर्ने योजनाहरु मध्ये रु.१ करोड भन्दा कम लागतका योजनाहरु उ.स.मार्फत संचालन	२९५४९१/-

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>गर्नुपर्दछ । कार्यालयले लागत अनुमान रु.२,९५,४९१/- रहेको बाल कन्या मा.वि.घर्तुङको सिढी निर्माण गर्ने काम उ.स.मार्फत नगराई ४ नं वडाका वडा सचिव किरण भट्टराई मार्फत अमानतमा गरेको देखिएकोले नियमित नभएको रु...</td><td></td></tr>
<tr><td>३८.</td><td>कन्टिन्जेन्सी कट्टी : गा.पा.बाट स्वीकृत कार्यक्रम अनुसार उ.स.मार्फत संचालित निर्माण मर्मत सम्बन्धि योजनाहरुमा कार्यालयले कन्टिन्जेन्सी बापत कार्यालयबापत व्यहोरिने रकमको ४ प्रतिशतले हुने रकम कट्टा गर्नुपर्नेमा सो भन्दा घटी हुनेगरि निम्नानुसार कट्टा गरेको देखिंदा घटी भएको रकम सम्बन्धित उ.स.बाट असुल गर्नुपर्ने रु...</td><td>६१६०/-</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>भौ.नं. र मिति</th><th>योजनाको नाम</th><th>कार्यालयको अनुदान</th><th>कट्टी गर्नुपर्ने कन्टिन्जेन्सी रकम</th><th>कट्टी भएको रकम</th><th>घटी रकम</th></tr>
<tr><td>३६-२०७५/८/५</td><td>बंशिलाघाट-ताम्बोबा खोला सडक नि.उ.स</td><td>३०८०००</td><td>१२३२०</td><td>६१६०</td><td>६१६०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९.</td><td>खरिद योजना निर्माण खर्च : भौ.नं. ४१-२०७५/८/१२ सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ बमोजिम कार्यालयले वार्षिक खरिद योजना आफैंले निर्माण गर्नुपर्छ । कार्यालयले यस वर्षको वार्षिक खरिद योजना तयार गर्ने काम दृष्टि डेभलपर्स कन्सल्टेन्ट प्रा.लि.लाई दिई योजना निर्माण बापत रु.१,९४,४४३/- भुक्तानी दिएको देखियो । यसरी कार्यालयले खरिद योजना जस्तो आन्तरिक कार्य आफुले नगरी कन्सल्टेन्ट मार्फत गराई थप व्ययभार पारेको देखिएको रु...</td><td>१९४४४३</td></tr>
<tr><td>४०.</td><td>आवधिक गुरुयोजना तर्जुमा गोष्टि खर्च : भौ.नं. १२७-२०७५/१२/२५ यस गा.पा.को आवधिक गुरुयोजना तयार गर्न आर्थिक तथा प्राविधिक प्रस्ताव मार्फत छनौट भएका परामर्शदाता स्कोलर नेपाल तथा सुप्रिम डेभलपमेण्ट कन्सल्टेन्ट प्रा.लि.लाई रु.१९,८८,८००/- को सम्झौता अंकमा २०७५।१२।२२ भित्र गुरुयोजनाको अन्तिम प्रतिवेदन पेश गर्नेगरी २०७५।८।२३ मा कार्यालय र प्रा.लि. बीच सम्झौता भएको थियो । यसरी सम्झौता भैसकेपछि गुरुयोजना तयारी सम्बन्धि गोष्टी, सभा, तथ्यांक संकलन लगायतका सबै काम प्रा.लि.बाट हुनुपर्दछ । कार्यालयले २०७५।९।२३ र २४ मा आवधिक गुरुयोजना तर्जुमा गोष्टी गरी जम्मा रु.२ लाख थप खर्च गरेको देखियो । गुरुयोजना निर्माण सम्बन्धि सबै खर्च परामर्शदाता प्रा.लि.ले व्यहोर्ने गरी सम्झौता भएकोमा कार्यालयवाट खर्च लेखेकोले उक्त खर्च प्रा.लि.वाट असुल हुनुपर्ने रु...</td><td>२०००००/-</td></tr>
<tr><td>४१.</td><td>पूर्वनिर्धारित क्षतिपूर्ति : भौ.नं. १३०-२०७५/१२/२६ सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए अनुसार परामर्श सेवा लिंदा सम्झौतामा उल्लेख भएको मिति भन्दा ढिलो गरी प्रतिवेदन पेश भएमा ढिला अवधिको सम्झौता अंकको दैनिक ०.०५ प्रतिशतका हिसाबले पूर्वनिर्धारित क्षतिपूर्ति बापतको रकम असुल गर्नुपर्दछ । गा.पा.ले गरेका देहायका कामको कार्यसम्पन्न प्रतिवेदन सम्झौतामा तोकिएको मिति भन्दा ढिला गरी पेश भएको एवं म्याद थप भएको समेत नदेखिएकोले उक्त ढिला अवधिको नियमानुसार लाग्ने पूर्वनिर्धारित क्षतिपूर्ति बापतको रकम असुल गर्नुपर्ने रु...</td><td>६२२४०/-</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>भौ.नं. र मिति</th><th>कामको विवरण</th><th>सम्झौता अंक</th><th>फर्मको नाम</th><th>सम्पन्न गर्नुपर्ने मिति</th><th>ढिला दिन</th><th>क्षतिपूर्ति रकम</th></tr>
<tr><td>१३०-२०७५/१२/२६</td><td>गा.पा.को पार्श्व चित्र निर्माण</td><td>१३२७१५०</td><td>सुप्रिम डेभलपमेण्ट कन्सल्टेन्ट प्रा.लि.</td><td>२०७५/११/२२</td><td>३२</td><td>२१२३४</td></tr>
<tr><td>१८०-२०७६/३/१९</td><td>गा.पा.को यातायात गुरुयोजना निर्माण</td><td>८८००००</td><td>न्यू प्लानेट ईन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि.</td><td>२०७५/११/२३</td><td>३०</td><td>१३२००</td></tr>
<tr><td>१५१-२०७६/२/१५
१९०-२०७६/३/२६</td><td>गा.पा.का ६ वटै वडाहरुमा ईन्टरनेट जडान कार्य</td><td>१५८८९३८</td><td>जे.के. कम्प्युटर एण्ड ईन्टरनेट सर्भिसेज प्रा.लि.</td><td>२०७६/२/१५</td><td>३५</td><td>२७८०६</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>६२२४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२.</td><td>कर्मचारी सेवा सुविधा : भौ.नं. २२५-२०७६/३/३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार कार्यालयले स्वीकृत बजेट खर्च लेख्दा खर्च संग सम्बन्धित बिल भरपाई राखी खर्चको पुष्ट्याई खुलाएर मात्र खर्च लेख्नुपर्दछ । वडा नं. ३ को कार्यालयलाई वडा कार्यालय संचालनको लागि दिएको पेश्की रु.४ लाख फर्छ्यौट गर्दा वडा सहयोगी दल बहादुर मगरलाई अवकाश हुँदाको अन्तिम तलब स्केल रु.१२,१००/- ले स्थायी अवधिको सुविधाबापत भनी रु.९६,८००/- वडा कार्यालय सहायक भीम मगर मार्फत खर्च लेखि भुक्तानी दिएको देखियो । निज कहिले सेवाबाट अवकाश भएको हो, तत्कालिन अवकाश</td><td>९६८००/-</td></tr>
</table>

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
	हुँदाको बखत पाउने सुविधा भुक्तानी भए वा नभएको, तलब भत्ता सुविधा गा.पा. कार्यालयबाट भुक्तानी हुनुपर्नेमा वडाबाट भएको कारण नखुलेको, अवकाश सुविधा कर्मचारी कल्याण कोषबाट भुक्तानी हुनुपर्नेमा यस शीर्षकबाट भुक्तानी दिन नमिल्ने लगायतका विषयहरुको स्पष्ट खुलाई प्रमाण पेश गर्नुपर्ने अन्यथा वडा कार्यालय सहायक भीम मगरबाट असुल गर्नुपर्ने रु...	
४३.	**बराहपोखरी पर्यटकीय स्थलको डि.पि.आर. खर्च :** भौ.नं. १६३-२०७६/२/२४ बराहपोखरी गा.पा.क्षेत्र भित्र पर्ने बराहपोखरीलाई पर्यटकीय स्थल बनाउन डि.पि.आर. तयारी गर्ने कामको लागि आर्थिक तथा प्राविधिक प्रस्ताव मार्फत छनौट भएका परामर्शदाता शान्ति निकेतन प्रा.लि., ईटहरी र कार्यालय बीच २०७६।३।१० भित्र कार्य सम्पन्न गर्नेगरी रु.१९,६०,०००/- को सम्झौता अंकमा २०७६।१।२६ मा कार्यालय र प्रा.लि.बीच सम्झौता भएको थियो । उक्त सम्झौता अनुसार डि.पि.आर. तयारी सम्बन्धि सबै खर्च प्रा.लि.ले व्यहोर्नु पर्दछ । कार्यालयले डि.पि.आर. तयार गर्ने कामको लागि ईटहरीबाट आएका प्राविधिक टोलीलाई २०७६।१।२५ मा घाप्लाङ्गदेखि बराहपोखरीसम्म गाडी रिजर्भ गरी ल्याएको र पुऱ्याएको भनी भाडाबापत रु.१८ हजार थप खर्च लेखेकोले व्यहोर्न नमिल्ने उक्त खर्च कट्टी कर घटाई प्रा.लि.बाट असुल गर्नुपर्ने रु...	१६२००/-
	विषयगत कार्यक्रमतर्फ	
	शिक्षा	
४४.	**विद्यालयगत निकासा रजिष्ट्रर :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ ।	
४५.	**बढी निकासा :** कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं.१.३.३.१ मा स्थानीय तहले कार्यरत शिक्षकको तलव भत्ता सम्बन्धी एकीन विवरण शिक्षा विकास तथा समन्वय इकाईवाट प्राप्त गरी सोही अनुसारको दरवन्दीमा, शिक्षक अनुदानकोटा(राहत)मा र प्राविधिक धारतर्फको अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुको लागि विद्यालयवाट प्राप्त माग फारम रुजु गरी निकासा दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले तेस्रो चौमासिकको लागि शिक्षक तलब भत्ता निकासा गर्दा शंखेश्वरी मा.वि.को आ.वि.दरबन्दीतर्फ विद्यालयको मागफाराम अनुसार रु.९०४४२६।- निकासा दिनुपर्नेमा रु.९०७८२६।- निकासा गरेकोले बढी निकासा गरेको रु.३४००।- असूल गरी दाखिला हुनुपर्ने रु...	३४००/-
४६.	**छात्रवृति तथा पाठ्यपुस्तक वितरण :** कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार छात्रवृत्ति तथा पाठ्यपुस्तक दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि कार्यालयले अनुगमन गर्नुपर्दछ । कार्यालयले यस आ.ब.मा छात्रवृत्ति बापत रु.७३३०००।- र निशुल्क पाठ्यपुस्तक बापत रु.१३७३५८७।- गरी ३५ विद्यालयहरुलाई रु.२१०६५८७।- निकासा दिएको छ । तर उक्त निकासा रकम तोकिएको प्रक्रिया अनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन । जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । त्यसैले कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्यांकन हुनुपर्दछ ।	
४७.	**पाठ्यपुस्तक रकममा बढी निकासा :** प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान रकम उपलब्ध गराउन एकिन संख्याको आधारमा निकासा दिंदा पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र निकासा दिने र २०७६ बैशाखवाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण भएको विवरणका आधारमा नपुग हुने रकम मात्र थप निकासा दिने व्यवस्था कार्यक्रम कार्यान्वय पुस्तिकाले गरेको छ । २०७५ मा EMIS मा रेकर्ड भएका विद्यार्थीको आधारमा ७५ प्रतिशतले हुने रु.१०८५२३०।- निकासा भएको पाइयो । २०७६ बैशाखवाट शुरु हुने शैक्षिक सत्रका विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरिद र वितरणका	३०३८७९/-

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>आधारमा नपुग हुने रकम मात्र थप निकासा हुनुपर्नेमा कार्यालयले पाठ्यपुस्तक खरिदको वील भरपाई तथा विद्यार्थी विवरण समेत पेश हुन नआएको अवस्थामा रु.३०३८७९।- थप निकासा गरेको पाइएकोले सोको खरिद तथा वितरण प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...</td><td></td></tr>
<tr><td>४८.</td><td>बढी निकासा : विद्यालयहरुवाट छात्रा छात्रवृत्ति कक्षा १-८ को लागि EMIS मा रेकर्ड भएका तथा छात्रवृत्ति पाउने विद्यार्थी संख्या एकिन गरी निकासा दिनुपर्नेमा गाउँपालिकाले कक्षा १ देखि ८ सम्मका ३५ विद्यालयका १६४० जना छात्रा विद्यार्थीहरुको संख्यालाई प्रति छात्रा रु.४००।- का दरले रु.६५६०००।- निकासा दिनु पर्नेमा रु.६७४६००।- छात्रावृत्ति रकम निकासा दिएको पाइएकोले बढी निकासा भएको रु.१८६००।- असुल गरी दाखिला हुनुपर्ने रु...</td><td>१८६००/-</td></tr>
<tr><td>४९.</td><td>सामाजिक परिक्षण र वित्तिय लेखा परिक्षण :- विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ बमोजिम यस गाउँपालिका अन्तर्गतका ६ माध्यमिक विद्यालय र २९ आधारभुत विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परिक्षण तथा लेखापरीक्षण बापत रु.३८००००।- अनुदान दिएकोमा सामुदायिक विद्यालयले लेखापरीक्षण गराई पारदर्शिता जवादेहिताको सुनिश्चितताका साथ दोस्रो चौमासिक निकाशा दिँदा सम्म सामाजिक परिक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा लेखापरीक्षण अवधिसम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन ।</td><td></td></tr>
<tr><td>५०.</td><td>करार कर्मचारी चाडपर्व खर्च : नेपाल सरकार, मन्त्री परिषद्को मिति २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा १ महिनाको आधारभुत पारिश्रमिक वरावरको चाडपर्व खर्च उपलब्ध गराउने भन्ने उल्लेख भएकोमा निम्न कर्मचारीहरुको करार अवधि ६ महिना नपुग्दै चाडपर्व खर्च भुक्तानी भएकोले असुल हुनुपर्ने रु...
<table>
<tr><th>विद्यालयको नाम</th><th>कर्मचारीको नाम</th><th>नियुक्ति मिति</th><th>चाडपर्व बापत भुक्तानी रकम</th></tr>
<tr><td>डाँडाखर्क प्रावि बराहपोखरी</td><td>हरिमाया मगर</td><td>२०७५/२/२०</td><td>२२१७०</td></tr>
<tr><td>वालकन्या मावि</td><td>विष्णु राई</td><td>२०७५/५/१९</td><td>२३५००</td></tr>
<tr><td>,,</td><td>पेशलमान श्रेष्ठ</td><td>२०७५/५/८</td><td>२२१७०</td></tr>
<tr><td>सरस्वती मावि</td><td>इन्दिरा दाहाल</td><td>२०७५/६/११</td><td>२२१७०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>९००१०</td></tr>
</table></td><td>९००१०/-</td></tr>
<tr><td>५१.</td><td>शिक्षण सिकाई सहयोग अनुदान : कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५।७६ बमोजिम संचालनमा रहेको विद्यालयमध्ये कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयले माध्यामिक तह (९-१०) मा गणित, विज्ञान र अंगेजी शिक्षक मध्येवाट १ जना शिक्षक व्यवस्थापन गरी सोको प्रमाण पेश गरेमा अनुदान दिइने व्यवस्था छ । शिक्षण सिकाई सहयोग अनुदान शिर्षकमा देहायका विद्यालयहरुलाई रकम निकासा भएकोमा शिक्षक व्यवस्था भएको प्रमाण पेश नगरेकोले सो प्रमाण पेश हुनुपर्ने रु...
<table>
<tr><th>भौ.नं. र मिति</th><th>विद्यालयको नाम</th><th>अनुदान क्षेत्र</th><th>रकम</th></tr>
<tr><td>१०५/२०७६/३/२९</td><td>वेतुवा मावि फाक्टाङ्ग</td><td>शिक्षण सिकाई सहयोग अनुदान</td><td>७३२०००</td></tr>
<tr><td>,,</td><td>पाँचकन्या मावि पौवासेरा</td><td>,,</td><td>७३२०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>१४६४०००</td></tr>
</table></td><td>१४६४०००/-</td></tr>
<tr><td>५२.</td><td>आनुपातिक कट्टी : सर्वाजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिले गर्नुपर्ने योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग विल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायवाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न उपभोक्ता समितिहरुसंग भएको कार्यमा लागत अनुमान अनुसार गर्नुपर्ने योगदान भन्दा घटी योगदान गरेको अवस्थामा पनि कार्यालयले दिने अनुदानमा आनुपातिक कट्टी नगरी बढी खर्च लेखेकोले यसरी बढी खर्च लेखेको रकम असुल हुनुपर्ने रु...
<table>
<tr><th>भौ.नं.र मिति</th><th>कार्यक्रम/योजना</th><th>बजेट</th><th>श्रमदान समेत लागत अनुमान</th><th>कार्यसम्पन्न</th><th>भुक्तानी खर्च रकम</th><th>बढी खर्च</th></tr>
<tr><td>१२१-२०७६/३/३१</td><td>वालकन्या मावि शौचालय निर्माण</td><td>७०००००</td><td>९१६५५०</td><td>७९४५८३</td><td>७०००००</td><td>९३१५०</td></tr>
<tr><td>९४-२०७६/३/२९</td><td>दुधकोशी प्रावि नयाँ कक्षा कोठा भवन निर्माण</td><td>१६०००००</td><td>१८१८३६६</td><td>१७८०७८०</td><td>१५८०१०६</td><td>१३१७८</td></tr>
</table></td><td>४११०७८/-</td></tr>
</table>

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम

१०३-२०७६/३/२९	बाह्य खोप केन्द्र भवन निर्माण	३०००००	३२८६७४	३१४१८७	३०००००	१३२२३
६-२०७६/३/२९(प्रदेश निर्वाचन क्षेत्र)	बाघखोर-कोछाले-चमेरेघाट सडक निर्माण	१४३५६००	१६१२३७५	१२१०३२५	१३७७१५७	२९९५२७
जम्मा						४१९०७८

५३. **अग्रीम आयकर :** आयकर ऐन २०५८ को दफा ८९ अनुसार देहायको भुक्तानीमा १.५ प्रतिशतले अग्रीम कर कट्टी गर्नु पर्नेमा छुट हुन गएकोले असुल गरी राजस्व दाखिला गर्नु पर्ने रु.- ४३४१३/-

भौ.नं./मिति	कार्यक्रमको नाम	विवरण	खर्च रकम	कर (१.५%)
८६-२०७६/३/१६	वेतुवा मावि आइसिटी कार्यक्रम	कम्प्युटर, फर्निचर आदि समान	५३९७८०	८०९७
११५-२०७६/३/३१	जनविकास मावि पुस्तकालय व्यवस्थापन	पुस्तक, फर्निचर खरिद	७४६७२०	११२००
११८-२०७६/३/३१	ज्यूमावि शौचालय निर्माण	सामान खरिद	१९७७३४	२९६६
,,	,,	सामान ढुवानी (१० प्रतिशत ढुवानी कर)	११००००	११०००
८४-२०७६/३/१६	पाँचकन्या मावि विज्ञान प्रयोगशाला	सामान खरिद	५६६६६७	८५००
८५-२०७६/३/१६	उत्कृष्ट शिकाई उपलब्धी	खेलकुद सामान तथा अन्य सामान खरिद	११००००	१६५०
जम्मा				**४३४१३**

५४. **पेश्की :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्नेमा निम्न अनुसारको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु... ३६०००००/-

पेश्की लिनेको नाम	पेश्की दिएको मिति	रकम
पन्चकन्या आधारभुत विद्यालय चार कोठे भवन निर्माण	२०७६/१/३१	१८०००००
पाँचकन्या माद्यामिक विद्यालय चार कोठे भवन निर्माण	२०७६/१/३१	१८०००००
जम्मा		**३६०००००**

स्वास्थ्यतर्फ

५५. **तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७खर मा जिल्ला स्थित सरकारी कार्यालयको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट तलबी प्रतिवेदन पास गराई मात्र तलब खुवाउनु पर्ने उल्लेख भएकोमा कार्यालयले स्वास्थ्य सेवाका कर्मचारीहरुको आ.ब.२०७५।७६ को लागि तलबी प्रतिवेदन पास नगराई रु.१,२०,०५,३८८।- तलब भत्ता खर्च लेखेको पाइएकोले कर्मचारीहरुको ग्रेड रकम एकिन गर्न सकिएन । नियममा व्यवस्था भए बमोजिमको कार्य गर्न कार्यालयको ध्यान जानुपर्दछ ।

५६. **बढी भुक्तानी :** भौ.नं.१०।२०७५।८।१२ कार्यालयले औषधी खरिद गरी रु.१०,४८,६१२।- खर्च लेखेकोमा निम्न व्यहोरा देखिएको छ ।

५६.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार बीस लाख रुपैया सम्म लागत अनुमान भएको मालसमान, निर्माणकार्य वा जुनसुकै सेवा खरिद गर्दा शिलवन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्ने व्यवास्था छ । कार्यालयले रु.१०,४८,६१२।- को औषधी खरिदमा दररेट माग गरी सोझै खरिद गरेको पाइएकोले प्रतिस्पर्धावाट खरिद कार्य गर्नुपर्नेमा यसरी नियमको पालना नगरी खरिद कार्य गर्दा कार्यालयलाई थप व्ययभार पर्न गएको छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५६.२. औषधी खरिद कार्य गर्न तीन फर्मसंग दररेट माग गरी न्यूनतम दररेट पेश गर्ने भिमादेवी सप्लायर्स, काठमाडौंलाई खरिद कार्य गर्न स्वीकृती दिइएकोमा सो फर्मले औषधी सप्लाई गरी भुक्तानी दावी गर्दा दररेटमा उल्लेख गरेभन्दा बढी दररेट पेश गरी विल जारी गरेको पाइयो । यसरी दररेटमा पेश गरेको रकम भन्दा बढी दर कायम गरी जारी विलको भुक्तानीमा रु.४०५९३।- बढी खर्च लेखेको पाइएकोले सो रकम असुल गरी दाखिला हुनुपर्ने रु... ४०५९३/-

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
५६.३.	**कर कट्टी :** भौ.नं.११।२०७५।८।१२ खरिद भएको औषधी काठमाडौंवाट कार्यालयसम्म ढुवानी गरी ढुवानी भाडा रु.३५०००।- भुक्तानी गरेकोमा ढुवानी कर रकम रु.३५००।- कट्टी गरेको नपाइएकोले उक्त कर रकम कट्टी गरी दाखिला हुनुपर्ने रु...	३५००/-
५७.	**खर्चको प्रमाण :** भौ.नं.२२।२०७५।९।३० आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार कार्यालयले स्वीकृत बजेट खर्च गर्दा बील भरपाई सहितको श्रेस्ता राख्नु पर्दछ । कार्यालयले सामुदायिक स्वास्थ्य इकाई संचालन गर्न सामुदायिक स्वास्थ्य इकाई फाक्टाङ्ग र रम्दुलाई प्रति इकाई रु.२०००००।- गरी जम्मा रु.४०००००।- दिने गरी मिति २०७५।९।२९ मा गा.पा.ले निर्णय गरेको पाइयो । छुट्याइएको उक्त रकमवाट स्वास्थ्य इकाई संचालन गर्न १ जना अ.हे.व र १ जना अ.न.मी.कर्मचारी राखी निजहरुको १२ महिनाको पारिश्रमिकमा खर्च गर्नुपर्ने उल्लेख छ । तर उक्त इकाईहरुले कर्मचारी राखी निजहरुको हाजिरी विवरण पेश गरेको प्रमाण स्रेस्ता साथ संलग्न नरहेकोले सोको प्रमाण पेश हुनुपर्ने रु...	४०००००/-
५८.	**वील भरपाई :** भौ.नं.८३।२०७६।३।६ आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार कार्यालयले स्वीकृत बजेट खर्च गर्दा बील भरपाई सहितको श्रेस्ता राख्नु पर्दछ । अ.हे.व.जयदेव पाडेलको पेश्की फछ्र्यौट फाँटवारी परीक्षण गर्दा स्वीकृत बार्षिक कार्यक्रम मध्ये गर्भवती, सुत्केरी, किशोरी लक्षित पोषण कार्यक्रम अन्तर्गत नाडलो खरिद तथा प्रवर्द्धन कार्यक्रमको लागि ६ वटा स्वास्थ्य केन्द्रका ८३ जना महिला स्वास्थ्य स्वयंसेविकालाई प्रति स्वयंसेविका रु.८८५।- का दरले रु.७३४५५।- दिइएकोमा उक्त कार्यक्रम संचालन भएको र सोको लागि खरिद भएका सामानहरुको वील भरपाई पेश नभएकोले प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...	७३४५५/-
५९.	**हस्तान्तरण फारम :** भौ.नं.८८।२०७६।३।१७ कार्यालयले क्षयरोगको सामान तथा औषधी स्वास्थ्य कार्यालय दिक्तेलवाट ल्याएको भनि तीन जना कार्यालय सहयोगीहरुलाई रु.२३०४०।- भुक्तानी दिइको देखियो । तर स्वास्थ्य कार्यालयले औषधी हस्तान्तरण गरेको प्रमाण बेगर ठाडो भरपाईको आधारमा भुक्तानी लेख्नु नियमसंगत नदेखिएकोले सोको प्रमाण पेश हुनुपर्ने रु...	२३०४०/-
६०.	**खर्चको प्रमाण :** भौ.नं.९६।२०७५।३।९ आमा सुरक्षा कार्यक्रम अन्तर्गत गर्भवती महिलाको यातयात खर्च र सुत्केरी खर्चको लागि कार्यालयले स्वास्थ्य चौकी सुन्तलेका अ.हे.व.एकेन्द्र वयकलाई रु.११४००।- भुक्तानी दिएकोमा संलग्न फाँटवारीमा २ जना महिलाको चारपटक गर्भ जाँच र सुत्केरी रकम गरी जम्मा ५६००।- को मात्र प्रमाण देखिएकोले नपुग रु.५८००।- को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...	५८००/-
६१.	**बढी भुक्तानी :** भौ.नं.१००।२०७६।३।१९ सन्तोष आचार्यको पेश्की फछ्र्यौट फाँटवारी परीक्षण गर्दा महिला स्वास्थ्य स्वयंसेविकाहरुले पोषण परामर्शका लागि स्वास्थ्य आमा समूहलाई छलफल कार्यक्रममा प्रति महिला स्वास्थ्य स्वयंसेविकाहरुको यातयात खर्च रु.४००।- का दरले खर्च लेख्नु पर्नेमा रु.५००।- का दरले खर्च लेखेको पाइएकोले ६ स्वास्थ्य केन्द्रका ८३ जना महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि बढी खर्च लेखेको रु.८३००।- असुल गरी दाखिला गर्नुपर्ने रु...	८३००/-
	सामाजिक सुरक्षातर्फः	
६२.	**भत्ता वितरण :** सामाजिक सुरक्षा कार्यक्रममा भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को प्रावधान बमोजिम गर्नुपर्दछ । यस कार्यक्रममा यो वर्ष नेपाल सरकारबाट रु.२,३०,२६,२००/- प्राप्त भएकोमा संलग्न बील भरपाई अनुसार रु.२,२८,९८,२००/- खर्च लेखेको देखिन्छ । गाउँपालिकाले बाँकी रहेको रकम रु.१,२८,०००/- कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :	
६२.१.	कार्यविधिको बुंदा नं. २२ अनुसार सामाजिक सुरक्षा भत्ता बैक मार्फत मात्र वितरण गर्नुपर्ने, नगदै वितरण गर्नुपरे मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र वितरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले लाभग्राहीलाई ३ वटै चौमासिकमा ६ वटै वडामा सामाजिक सुरक्षा भत्ता नगदै वितरण गरेकोमा मन्त्रालयको पूर्व स्वीकृति लिएको देखिएन ।	
६२.२.	कार्यविधिको बुदा नं. १० अनुसार गाउँपालिकाले भत्ता पाउने लाभग्राहीको फोटो सहित मूल अभिलेख प्रत्येक वडामा राख्नुपर्ने, बुंदा नं. १२ अनुसार भत्ता पाउन अयोग्य भए लगत कट्टा गर्नुपर्ने, बुंदा नं. १६ अनुसार स्थानीय निकायले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिकको भत्ता आश्विनको दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको दोस्रो हप्ता र तेस्रो चौमासिक जेष्ठको दोस्रो हप्ताभित्र वितरण गर्नुपर्ने	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
	व्यवस्था भएपनि सो अनुरुप नगरी गाउँपालिकाले प्रथम किस्ता आश्विन २३ गते, दोस्रो किस्ता फागुन २९ गते र तेस्रो किस्ता असार २० गते निकासा गरेको देखिन्छ । गाउँपालिकाले फोटो सहितको अभिलेख तथा भत्ता पाउन अयोग्यको लगत अद्यावधिक गरेको देखिएन भने कार्यविधिले तोकेको समय सीमाभित्र भत्ता वितरण समेत गरेको छैन ।	
६२.३.	कार्यविधिको बुंदा नं. २८ बमोजिम कार्यक्रमको अनुगमन र सुपरिवेक्षण गर्नुपर्ने व्यवस्था भएकोमा अनुगमन गरेको देखिएन । त्यस्तै बुंदा नं. ३५ अनुसार वडा सचिवले प्रत्येक चौमासिकमा कम्तिमा १ पटक सामाजिक सुरक्षा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्नुपर्ने, प्राप्त भएका गुनासा समाधान नभए स्थानीय निकाय कार्यालयमा पठाउनु पर्ने व्यवस्था भएपनि सो अनुरुप भएको देखिएन । आगामी आ.व. मा भत्ता पाउनेको सूची मार्ग मसान्तभित्र स्थानीय तहको कार्यालय, वडा कार्यालय र सार्वजनिकस्थलमा प्रकाशन गर्नुपर्नेमा सूची तयार गरी प्रकाशन गरेको देखिएन ।	
६२.४.	कार्यविधिको परिच्छेद ४ को बुँदा नं. १५ मा प्रत्येक स्थानीय तहहरुले वडा कार्यालयहरुले प्रविष्टि गरेको एम.आई.एस. लगतका आधारमा वडा कार्यालयहरुलाई चौमासिक रुपमा पेश्की रकम उपलब्ध गराउने व्यवस्था रहेको छ । वडाका सचिवहरुले पेश्की माग गर्दा वडाको लाभग्राहीको संख्या एकिन गरी माग गर्नुपर्नेमा गत विगतको वर्षहरुमा वितरण भएको सामाजिक सुरक्षा भत्ताको आधारमा हचुवाको भरमा माग गरेको पाईयो । वडाहरुले एम.आई.एस. मा लाभग्राहीहरुको विवरण अपुरो प्रविष्टि गरेको पाईयो । यसरी लाभग्राहीको सम्पूर्ण विवरण प्रविष्टि नभएको अवस्थामा एकै नाम,थर भएको लाभग्राहीलाई दोहोरो भत्ता भुक्तानी हुन जाने रकम एकिन नहुने भएकोले एम.आई.एस.मा पूर्ण विवरण तोकिएको समयमा अद्यावधिक गर्नुपर्ने जरुरी देखिन्छ ।	
६३.	**दोहोरो भत्ता:** विभिन्न भौचर/मितिमा गा.पा.ले वितरण गरेको सामाजिक सुरक्षा भत्ताको भरपाई परीक्षण गर्दा तपसिल बमोजिमको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई नियमानुसार पाउने रकम भन्दा बढी रकम भुक्तानी गरेको हुँदा असुल गरी फिर्ता गर्नुपर्ने रु...	१५२४००/-

क्र.सं.	लाभग्राहीको नाम	वडा नं.	जन्म मिति/ ना.प्र.नं.	समूह	पाउने रकम	दिएको रकम	बढि भुक्तानी रकम	कैफियत
१.	चन्द्रमान राई/ चन्द्रमाया राई	२	१२३००२/४१९	अ.अपाङ्ग	७२००	१४४००	७२००	३ वटै चौमासिकमा दोहोरो भुक्तानी
२.	नम्रता पिरयार	२	-	दलित पोषण	१६००	३२००	१६००	तेश्रो चौमासिकमा दोहोरो
३.	कृष्ण कुमारी खत्री/ कृष्णमाया खत्री	१	२०३०/१२/१९ १२३०२१/५९६	विधवा	१२०००	२४०००	१२०००	३ वटै चौमासिकमा दोहोरो
४.	पविमाया मगर	१	२००६/२/१३ ७०४/१५५१	विधवा	१२०००	२४०००	१२०००	३ वटै चौमासिकमा दोहोरो
५.	विष्णु कुमारी श्रेष्ठ	१	२०१४/९/१ ४८७/२५	विधवा	१२०००	२४०००	१२०००	३ वटै चौमासिकमा दोहोरो
६.	अमृत कु. थापा/ अमृत ब. थापा	१	२००२/४/९ ७४२/१८६६	जे.ना. अन्य	८०००	१६०००	८०००	प्रथम चौमासिक दोहोरो
७.	बल ब. राई	१	२००२/२/८ ४१३	जे.ना. अन्य	८०००	१६०००	८०००	प्रथम चौमासिक दोहोरो
८.	भलमाया कामी	१	१९८६/३/१ ११६२	जे.ना.अन्य /जे.ना. दलित	८०००	१६०००	८०००	प्रथम चौमासिक दोहोरो
९.	विष्णुमाया सार्की	१	२००१/२/१० १९१	जे.ना.अन्य /जे.ना. दलित	८०००	१६०००	८०००	प्रथम चौमासिक दोहोरो
१०.	धनवीर दमाई	१	१९९१/४/१५ ५२	जे.ना.अन्य /जे.ना. दलित	८०००	१६०००	८०००	प्रथम चौमासिक दोहोरो
११.	मनमाया कामी	१	१९८६/२/१३ ९६०	जे.ना.अन्य /जे.ना. दलित	८०००	१६०००	८०००	प्रथम चौमासिक दोहोरो
१२.	मकर ब. दमाई	१	२००१/६/९ १४१	जे.ना.अन्य /जे.ना.	८०००	१६०००	८०००	प्रथम चौमासिक दोहोरो

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम

				दलित				
१३.	सुकमाया बि.क.	१	१९९५/१२/२२ १८४	जे.ना.अन्य /जे.ना. दलित	८०००	१६०००	८०००	प्रथम चौमासिक दोहोरो
१४.	एलिसा नेपाली	१	२०७०/८/२१	दलित पोषण	२०००	४०००	२०००	प्रथम र दोश्रो चौमासिक दोहोरो
१५.	खुशी बि.क.	१	२०७२/१/१६	दलित पोषण	४८००	९६००	४८००	३ वटै चौमासिक दोहोरो, संरक्षक प्रविण वि.क र रमिला वि.क
१६.	दपसन परियार । दिपसन परियार	१	२०७२/९/२३	दलित पोषण	४८००	९६००	४८००	३ वटै चौमासिक दोहोरो, संरक्षक आशा परियार र विजया परियार
१७.	दुर्गा बि.क.	१	२०७१/४/१३	दलित पोषण	४८००	९६००	४८००	३ वटै चौमासिक दोहोरो, संरक्षक जगत वि.क र रमिला वि.क
१८.	टिकामाया श्रेष्ठ	१	२०५६/३/२० १२-१२-७४-००१६१	अ.अपाङ्ग/ पू.अपाङ्ग	२४०००	३१२००	७२००	एकै व्यक्तिले ३ वटै चौमासिकमा २ शिर्षकमा दोहोरा भत्ता लिएको
१९.	भगिमाया मगर	३	२०१३/७/१३ ५	विधवा	१२०००	२४०००	१२०००	३ वटै चौमासिकमा दोहोरो
२०.	ईन्द्र लक्ष्मी श्रेष्ठ	४	२००४/१२/३० ९०/७९४	जे.ना.अन्य	८०००	१६०००	८०००	दोश्रो चौमासिकमा दोहोरो
						जम्मा	**१५२४००**	

६४. **उमेर नपुगेकालाई भत्ता वितरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५मा एकल महिलाबापतको भत्ता रकम प्राप्त गर्न लाभग्राहीको उमेर ६० वर्ष पुरा भएको हुनुपर्ने भनी उल्लेख गरिएको छ । तर यस गा.पा.को वडा नं. १ को तपसिल बमोजिमको लाभग्राहीलाई कार्यविधिमा तोकिएको उमेर पुरा नभई एकल महिला बापतको रकम भुक्तानी गरेको हुँदा उमेर पुरा भएको भए प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु... ४८०००/-

क्र.सं.	**लाभग्राहीको नाम**	**जन्म मिति**	**ना.प्र.नं**	**रकम**	**कैफियत**
१.	चन्द्रमाया कामी	२०६७/१/३	४०	१२०००	३ वटै चौमासिकमा भुक्तानी
२.	तेज कुमारी श्रेष्ठ	२०६६/८/१५	७०	१२०००	३ वटै चौमासिकमा भुक्तानी
३.	दुर्गादेवी श्रेष्ठ	२०४५/३/१	३७४	१२०००	३ वटै चौमासिकमा भुक्तानी
४.	मनमाया श्रेष्ठ	२०६३/६/१३	९५	१२०००	३ वटै चौमासिकमा भुक्तानी
			जम्मा	**४८०००**	

आन्तरिक आयतर्फ :

६५. **नगदी रसिद नियन्त्रण खाता :** कार्यालयले गत वर्षको जिम्मेवारी सरी आएको, यस वर्ष छपाई गरेको, यस वर्ष प्रयोग गरेको र अर्को वर्षलाई जिम्मेवारी सर्न गएको नगदी रसिदको यथार्थ हिसाब देखिने गरी नगदी रसिद नियन्त्रण खाता तयार गरी प्रमाणित रुपमा राख्नुपर्नेमा सो अनुसार तयार गरी नराखेको देखिएन । तसर्थ सबै वडाको नगदी रसिद लेखापरीक्षणमा पेश नभएकोले वडा कार्यालयहरुले कुन कुन रसिद प्रयोग गरी के कति आम्दानी गरेका छन् सोको एकिन गर्न सकिएन । गाउँपालिका आफैले छानबीन गरि वास्तविक राजश्वको एकिन गर्नु जरुरी देखियो ।

६६. **घटि दाखिला :** पालिकाले लेखापरीक्षणको क्रममा पेश भएको तपसिलको वडाको २ ठेली मालपोत रसिद र ७ ठेली अन्य नगदी रसिदको परिक्षण गर्दा असुली भएको रकम भन्दा बैंक दाखिला गरेको रकम घटी देखिएकोले उक्त घटी रकम असुल गरी दाखिला गर्नुपर्ने रु... ६२५४४/-

रसिदको प्रकार	**वडा नं.**	**रसिद नं.**	**जम्मा दाखिला गर्नुपर्ने रकम**	**दाखिला गरेको रकम**	**थप दाखिला गर्नुपर्ने रकम**
अन्य नगदी रसिद	६	१०१-२००	१८४५०	३८५६	१४५९४
	४	६०१-७००	१७५९५	७४९५	१०१००

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td rowspan="5"></td><td rowspan="5">१</td><td>१-५०</td><td>७०००</td><td rowspan="5">५५९९०</td><td rowspan="5">१५१९०</td></tr>
<tr><td>३१६-३७१</td><td>११५५०</td></tr>
<tr><td>३०१-४००</td><td>८९००</td></tr>
<tr><td>५०१-६००</td><td>६००५</td></tr>
<tr><td>९०१-१०००</td><td>३७७२५</td></tr>
<tr><td rowspan="2">मालपोत रसिद</td><td>४</td><td>९०१-९६३</td><td>१३४५७</td><td>३७१०</td><td>९७४७</td></tr>
<tr><td>६</td><td>६०१-७००</td><td>१५००८</td><td>२०९५</td><td>१२९१३</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>६२५४४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६७.</td><td>
केन्द्रिय बजेटतर्फको अन्तरिक लेखापरीक्षण : गाउँपालिकाको अन्तिम लेखापरीक्षण मिति २०७६।८।८ देखि २०७६।८।१२ सम्म खोटेहाङ्गमा मुकाम गरी लेखापरीक्षण सम्पन्न गरिएको थियो । लेखापरीक्षणवाट देखिएको मस्यौदा व्यहोरा उपर कार्यालयका पदाधिकारीहरुसंग मिति २०७६।८।१२ मा छलफल कार्यसमेत भैसकेपछि को.ले.नि.का.वाट केन्द्रिय बजेटतर्फको आर्थिक विवरण र आन्तरिक लेखापरीक्षण प्रतिवेदन मिति २०७६।८।२९ मा प्राप्त हुन आएकोले प्रतिवेदनमा औंल्याएका देहायका व्यहोराहरु एकिन गर्न नसकिएकोले यथावत कायम गरिएको छ ।
<table>
<tr><th>ब.उ.शि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>३६५१६०३</td><td>-</td><td>सुचना प्रविधि अधिकृत सुजिव तामाङ्गको पारिश्रमिक कर कट्टि नभएको</td><td>४८४१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>बेरुजू - गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु.२७ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु.१० लाख ६६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३४ लाख ९२ र पेश्की बाँकी रु.३७ लाख ८१ हजार समेत रु.१ करोड १० लाख ९३ हजार बेरुजु कायम भएको छ । कार्यालयबाट प्रतिक्रिया एवं जवाफ प्राप्त भएतापनि फछ्र्यौट भएको छैन ।</td><td></td></tr>
<tr><td></td><td>
अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा सो को स्थिति निम्नानुसार देखिएको छ :
<table>
<tr><th>गत वर्षको बेरुजु रकम (रु.) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
<tr><td>११९८१०००/-</td><td>०.००</td><td>११९८१०००/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>
अद्यावधिक बेरुजु स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजु फछ्र्यौट गर्ने व्यवस्था छ । गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)</th><th>यो वर्षको कायम बेरुजु रु. (E)</th><th>बाँकी (F= C+D+E)</th></tr>
<tr><td>११९८१०००/-</td><td>०.००</td><td>११०९२८०७/-</td><td>२३०७३८०७/-</td></tr>
</table>
उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी बेरुजु असुल फछ्र्यौट गरिनु पर्दछ ।
</td><td></td></tr>
</table>

अनुसूची- १

वराहपोखरी गाउँपालिकाको सञ्चित कोष विवरण
२०७५।७६

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	वराहपोखरी गा.पा.	खोटाङ	२५०७०	६६८१०	१७३८६१	४४४५२	२८५१२३	१७६२९१	९४२४४	२८३७६	२९८९१२	११२८२

अनुसूची- २

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७५।७६

(रु.हजारमा)

सि.नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्योट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	खोटाङ	वराहपोखरी गा.पा.	४१	४३	१११८१	०	०	८८	४२	४२	११०९३	२७५४	१०६६	३४९२			४५५८		३७८१	३७८१

अनुसूची- ३

अद्यावधिक बेरुजु स्थिति
२०७५।७६

(रु.हजारमा)

क्र.सं.	स्थानीय तह	जिल्ला	गत वर्ष सम्मको बाँकी	यो वर्षको फछ्र्योट	बाँकी	यो वर्षको सं प.बाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बाँकी बेरुजु
१	वराहपोखरी गा.पा.	खोटाङ	११९८१	०.००	११९८१	०.००	११०९३	२३०७४